" मीठे बच्चे– तिमी ब्राह्मणहरू श्रेष्ठ कुलका हौ , विष्णु कुल को बन्दैछौ। त्यसैले पक्का वैष्णव बन्नु छ , कुनै पनि तामसिक चीज प्याज आदि पनि खानु छैन।"

प्रश्नः– तिमी बच्चाहरू कुनचाहिँ परीक्षासँग डराउनु वा अलमलिनु हुँदैन?

उत्तरः– यदि चल्दा चल्दै यस पुरानो जुत्ता (शरीर)लाई कुनै कष्ट हुन्छ, बिमारी आदि आउँछ भने यससँग डराउनु वा अलमलिनु हुँदैन, झन् खुशी हुनुपर्छ किनकि तिमीलाई थाहा छ– यो कर्मभोग हो। पुरानो हिसाब-किताब चुक्ता भइरहेको छ। हामीले योगबलद्वारा हिसाब-किताब चुक्ता गर्न सकेनौं त्यसैले कर्मभोगद्वारा चुक्ता भइरहेको छ। यो चाँडै खतम भएको राम्रो।

गीतः– हमारे तीर्थ न्यारा हैं....

ओम् शान्ति। निराकार भगवानुवाच। उहाँको त एउटै नाम छ– शिव भगवानुवाच, यो भन्नुपर्छ सम्झाउनको लागि, पक्का निश्चय गराउनको लागि। बाबालाई भन्नुपर्छ– म जो हुँ, मेरो नाम कहिल्यै परिवर्तन हुँदैन। सत्ययुगका जुन देवी-देवताहरू छन्, उनीहरू त पुनर्जन्ममा आउँछन् नै। बाबाले यस तनद्वारा बच्चाहरूलाई सम्झाइरहनु भएको छ। तिमी रूहानी यात्रामा छौ, बाबा पनि गुप्त हुनुहुन्छ, दादा पनि गुप्त छन्। कसैलाई पनि थाहा छैन– ब्रह्मा तनमा परमपिता आउनुहुन्छ। बच्चाहरू पनि गुप्त छन्। सबैले भन्छन्– हामी शिवबाबाका सन्तान हौं, त्यसैले उहाँबाट वर्सा लिनु छ। उहाँको श्रीमतमा चल्नु छ। यो त निश्चय छ नै– उहाँ हाम्रो सुप्रीम बाबा, टिचर, सतगुरु हुनुहुन्छ। कति मीठा-मीठा कुरा छन्। हामी निराकार शिवबाबाका विद्यार्थी हौं, उहाँले हामीलाई राजयोग सिकाउनु हुन्छ। भगवानुवाच– हे प्यारा बच्चाहरू! मैले तिमीलाई राजयोग सिकाउँछु। मेयरले त यस्तो भन्दैनन्, हे बच्चाहरू! संन्यासीले पनि यस्तो भन्न सक्दैनन्। बच्चा भन्नु त बाबाको नै कर्तव्य हो। बच्चाहरूलाई पनि थाहा छ– हामी निराकार बाबाका बच्चाहरू हौं, उहाँको सम्मुख बसेका छौं। प्रजापिता ब्रह्माकुमार-कुमारी हौं। प्रजापिता शब्द नलेख्नाले मनुष्य अलमलिन्छन्। सम्झन्छन्– ब्रह्मा त सूक्ष्मवतनवासी देवता हुन्। उनी फेरि यहाँ कहाँबाट आए? भन्छन्– ब्रह्मा देवताए नम:, शंकर देवताए नम:, फेरि गुरु पनि भन्छन्– गुरु ब्रह्मा, गुरु विष्णु। वास्तवमा विष्णु वा शंकर त गुरु होइनन्। सम्झन्छन्– शंकरले पार्वतीलाई कथा सुनाउँछन्, त्यसैले गुरु ठहरिए। गुरु विष्णु पनि होइनन्। सत्ययुगमा लक्ष्मी-नारायण गुरु बन्दैनन्। कृष्णलाई पनि बडा गुरु गीताको भगवान बनाइदिएका छन्। तर भगवान एक हुनुहुन्छ, यो कुरा तिमी बच्चाहरूले सिद्ध गर्नु छ।

तिमी गुप्त सेना हौ। रावणमाथि विजय प्राप्त गर्छौ अर्थात् माया जीते जगतजीत बन्छौ। माया धनलाई भनिदैन। धनलाई सम्पत्ति भनिन्छ। त्यसैगरी बाबाले बच्चाहरूलाई सम्झाउनु हुन्छ– प्यारा बच्चाहरू! अब मृत्यु सामुन्ने खडा छ। यी उही ५ हजार वर्ष पहिलेकै शब्द हुन्। केवल निराकार भगवानुवाचको सट्टा साकार कृष्णको नाम लेखिदिएका छन्। बाबा भन्नुहुन्छ– यो ज्ञान जुन तिमीलाई अहिले मिल्छ, यो हो भविष्य प्रारब्धको लागि। प्रारब्ध मिल्यो फेरि ज्ञानको आवश्यकता छैन। यो ज्ञान हो नै पतितबाट पावन बन्ने। पावन दुनियाँमा फेरि कसैलाई गुरु बनाउने आवश्यकता छैन। वास्तवमा गुरु त एउटै परमपिता परमात्मा हुनुहुन्छ। पुकार्छन् पनि– हे पतित-पावन आउनुहोस्, त्यसैले सम्झाउनुपर्छ नि। उहाँ सुप्रीम गुरु हुनुहुन्छ। सर्वका सद्गतिदाता राम भनी गायन गरिन्छ। उहाँ अवश्य तब आउनुहुन्छ, जब सबै दुर्गतिमा हुन्छन्। त्यहाँ त हुन्छ क्षीर सागर, सुखको सागर। विषय वैतरणी नदी त्यहाँ हुँदैन। विष्णु क्षीरसागरमा रहन्छन्, त्यसैले अवश्य उनका बच्चाहरू पनि सँगै रहन्छन्। अहिले तिमी ब्राह्मण कुलका हौ, फेरि विष्णु कुलको बन्छौ। उनीहरू कम्पलीट वैष्णव हुन् नि। देवताहरूको अगाडि कहिल्यै तामसिक चीज प्याज आदि राख्दैनन्। यस्तो देवता बन्नु छ भने यो सबै छोड्नुपर्छ। यो हो संगमयुग। सम्झाइएको छ– तिमी ब्राह्मणहरू नै संगममा छौ, बाँकी सबै कलियुगमा छन्। जबसम्म ब्राह्मण बन्दैनन्, तबसम्म बुझ्न सक्दैनन्। बाबा भन्नुहुन्छ– म कल्पको संगममा आउँछु। उनले बुझेकै छैनन्– यो कुनै संगम हो। दुनियाँ परिवर्तन हुन्छ नि। गायन पनि गर्छन् तर कसरी परिवर्तन हुन्छ, यो कसैलाई पनि थाहा छैन। यत्तिकै केवल मुखबाट भनिदिन्छन्। तिमीले राम्रोसँग बुझेका छौ– श्रीमतमा चलेर नै श्रेष्ठ बनिन्छ। बाबालाई याद गर्नु छ। देह सहित देहका सबै सम्बन्धीलाई बिर्सिनु छ। बाबाले विना शरीर पठाउनु भएको थियो, फेरि त्यस्तै जानु छ।

यहाँ आएका हौं, पार्ट खेल्न। यो हो गुप्त मेहनत, बाबा र वर्सालाई याद गर्नु छ। तिमीले घरी-घरी यो बिर्सिन्छौ। बाबालाई बिर्सिनाले मायाको थप्पड लाग्छ। यो पनि खेल हो, अल्लाह अवलदीनको... देखाउँछन् नि। अल्लाहले अब्बल धर्म स्थापना गर्नुभयो। ठक्क गर्नासाथ बहिस्त मिल्यो। यो धर्म कसले स्थापना गरिरहेको छ? अल्लाहले पहिलो नम्बर धर्म स्थापना गर्नुभयो। हातमताईको पनि खेल देखाउँछन्। मुखमा मुहलरा नराख्नाले माया आउँछ। तिम्रो पनि त्यही हालत छ। बाबालाई भुलेर सबैलाई याद गरिरहन्छौ।

अहिले तिमी बच्चाहरूलाई थाहा छ हामी शान्तिधाममा गइरहेका छौं, फेरि सुखधाममा आउँछौं। दु:खधामलाई बिर्सिने पुरुषार्थ गर। यो त सबै खतम भएर जानेछ। हामी लखपति हौं, यस्ता हौं... यो बुद्धिमा राख्नु छैन। हामी त हौं नै अशरीरी। यो त पुरानो चीज हो। यस पुरानो जुत्ताले धेरै दु:ख दिएको छ। जति बिमारी हुन्छ, त्यति धेरै खुशी हुनुपर्छ। नाँच्नुपर्छ। कर्मभोग हो, हिसाब-किताब चुक्ता गर्नु नै छ, यससँग डराउनु हुँदैन। सम्झनुपर्छ– हामीले योगबलद्वारा विकर्म विनाश गर्न सकेनौं भने कर्मभोगद्वारा चुक्ता गर्नुपर्छ, यसमा अलमिलने कुरा नै छैन। यो शरीर त पुरानो हो। यो चाँडै खतम भयो भने राम्रो हो। तिम्रो ७ दिनको भट्ठी पनि प्रसिद्ध छ। ७ दिन राम्रोसँग बुझेर बुद्धिमा धारण गरेर फेरि ठीक छ जहाँ जाऊ। मुरली त मिलिरहन्छ, त्यति भए पुग्यो। बाबालाई याद गर्दै चक्र घुमाइराख। ७ दिनमा स्वदर्शन चक्रधारी बन्नु छ। ७ दिनको पाठ पनि राख्छन्। ७ दिन प्रसिद्ध छ। ग्रन्थ पनि ७ दिन राख्छन्। भट्ठी पनि ७ दिनको हुन्छ। यस्तो होइन, जो आउँछ उसलाई ७ दिनको कोर्सको लागि भन। मनुष्यको अवस्था पनि हेर्नुपर्छ। पहिले नै ७ दिनको कोर्स भन्नाले कोही त डराउँछन्। सम्झन्छन्– हामी रहन सक्दैनौं, अनि गइहाल्छन्। त्यसैले मनुष्यलाई हेर्नु पर्ने हुन्छ। हरेकको अवस्था हेर्नुपर्छ। पहिला त जाँच गर्नुपर्छ। कति दिनको लागि आएको हो। फ्याट्ट ७ दिन भन्नाले डराउँछन्। ७ दिन कसैले दिन सक्दैन। वैद्य कुनै त यस्ता हुन्छन्, जसले नाडी छामेर झट्ट बताउँछन्– तपाईंलाई यो यो बिमारी छ। यहाँ पनि त तिम्रो अविनाशी ज्ञान सर्जन हुनुहुन्छ। तिमी बच्चाहरू पनि मास्टर सर्जन हौ। यो हो रूद्र ज्ञान यज्ञ। तिमीले भन्दछौ– एक सेकेण्डमा मनुष्यलाई जीवनमुक्ति मिल्न सक्छ। त्यसैले कसैले भन्छन्– जब एक सेकेण्डमा जीवनमुक्ति मिल्न सक्छ भने ७ दिन किन भन्नुहुन्छ? सेकेन्डको कुरा बताउनुहोस्। डराउँछन्। सम्झन्छन्– हामी त रहन सक्दैनौं। त्यसैले पहिले अवस्था हेर्नुपर्छ। सबैको लागि एउटै कुरा हुन सक्दैन। धेरै बच्चाहरूले डिससर्भिस गरिदिन्छन्। फाराम भराउँदा उसको अवस्था हेरेर सोध्नुपर्छ। कति दिन रोकिन्छ, त्यो पनि सोध्नुपर्ने हुन्छ। ठीक छ, यो त बताउनुहोस्– सबैका भगवान एक हुनुहुन्छ नि। परमपितासँग तपाईंको के सम्बन्ध छ? पहिला त यस कुरामा सम्झाउनु पर्छ– उहाँ बाबा हुनुहुन्छ, हामी बच्चाहरू हौं। पिताले त वर्सा दिनुहुन्छ। स्वर्गको वर्सा मिल्नुपर्छ। स्वर्गको रचयिता हुनुहुन्छ। अहिले त नर्क छ। पहिले स्वर्ग थियो, विश्वको मालिक थियौं। देवी-देवताहरूको राज्य थियो। पछि मायाले राज्य छिनेर लियो। अब फेरि मायामाथि विजय प्राप्त गरेर राज्य लिनु छ। पुरानो पतित कलियुगी दुनियाँको विनाश सामुन्ने खडा छ, त्यसैले अवश्य पावन दुनियाँ स्थापना गर्नुपर्छ। थोरै इसारा दिनुपर्छ। फेरि पछि गएर बुझ्नेछन्। आज नभए भोलि आउँछन्। जान्छन् कहाँ? एउटै दोकान छ, सद्गति मिल्ने। परमपिता परमात्मा शिवबाबाको एउटै दोकान छ। एक सेकेन्डमा जीवनमुक्ति मिल्नु छ। दोकान हेर कस्तो छ, जसको तिमी सेल्समेन हौ। जो राम्रो सेल्समेन छ, उसले पद पनि राम्रो पाउँछ। सेल गर्ने पनि अक्कल चाहिन्छ। यदि अक्कल छैन भने उसले के सेवा गर्छ। पहिला त निश्चय बसाऊ। फेरि ७ दिनको कुरा। अरे! बाबा त वर्सा दिन आउनु भएको छ। पहिले सुखधाम थियो, अहिले दु:खधाम छ। फेरि सुखधाम कसरी बन्छ, कसले बनाउँछ? पहिले बाटो बताउनु छ– हामी आत्माहरू शान्तिधामका निवासी हौं फेरि आउँछौं, पार्ट खेल्न।

बाबा भन्नुहुन्छ– प्यारा बच्चाहरू! अब फर्केर घर आउनु छ। बाबालाई याद गर्नाले तिम्रो विकर्म विनाश हुन्छ। तिम्रो उड्ने पंख, जुन टुटेको छ, त्यो प्राप्त हुन्छ। तिमी आउँछौ मेरो पासमा। बाबा नै आएर कौडीबाट हीरा जस्तो बनाउनु हुन्छ। यो कमाइ धेरै जबरजस्त छ। बाबालाई याद गरेर २१ जन्मको लागि तिमी निरोगी बन्छौ। चक्रलाई याद गरेर तिमी एवरहेल्दी, वेल्दी बन्छौ। अहिले त दुवै छैन। तिमीहरूमा पनि नम्बरवार छन्, कच्चालाई मायाले झट्ट खाइदिन्छ। फेरि पनि पछि गएर स्मृति आउँछ। अन्तिममा राजाहरू पनि आउनेछन्, संन्यासी आदि पनि आउनेछन्। तिमी कन्या, माताहरूले नै बाण मारेका हौ। यहाँ मन्दिर पनि एक्युरेट बनेका छन्। कुमारी कन्याको पनि मन्दिर छ। अधर कुमारीको अर्थ कहाँ बुझेका छन् र, जो गृहस्थ व्यवहारमा रहेर बी.के. बन्छन्, उनलाई नै अधर भनिन्छ। कुमारी त कुमारी नै हुन्। तिम्रो यादगारमा पूरा मन्दिर बनेको छ। कल्प पहिले पनि तिमीले सेवा गरेका थियौ। तिमीलाई कति खुशी हुनुपर्छ। तिम्रो कति कठिन जबरजस्त परीक्षा छ। पढाउनेवाला हुनुहुन्छ

भगवान।

(दिल्लीको पार्टी बाबासँग छुट्टी लिएर आफ्नो स्थानमा गइरहेका थिए) बच्चाहरू राम्ररी रिफ्रेश भएर गइरहेका छन्। नम्बरवार त छन् नै। जसले राम्ररी बुझेका छन्, उनले राम्ररी बुझाउँछन् पनि। यो त बच्चाहरूले बुझेका छौ– बाबा पनि गुप्त हुनुहुन्छ, दादा पनि गुप्त छन्। हामी पनि गुप्त छौं। कसैलाई पनि थाहा छैन। ब्राह्मणहरूले पनि जानेका छैनन्। तिमीले सम्झाउन सक्छौ– तपाईं हुनुहुन्छ कोखवंशावली, हामी हौं मुखवंशावली। तपाईं पतित हुनुहुन्छ हामी पावन बनिरहेका छौं। प्रजापिता ब्रह्माका सन्तान हौं, त्यसैले अवश्य नयाँ दुनियाँका भयौं नि। सत्ययुगका देवताहरू नयाँ दुनियाँका हुन् या ब्राह्मण नयाँ दुनियाँका हुन्? ब्राह्मणहरूको चोटी हुन्छ नि। चोटी (ब्राह्मण कुल) माथि हुन्छ या मस्तक (देवता कुल) माथि हुन्छ? त्यसमा फेरि शिवबाबालाई पनि गुम गरिदिएका छन्। तिमी बच्चाहरूलाई थाहा छ– बाबा हुनुहुन्छ फूलहरूको बगैंचाको बागवान। रावणलाई बागवान कहाँ भनिन्छ र। रावणले त काँडा बनाउँछ, बाबाले फूल बनाउनुहुन्छ। यो सारा काँडाको जंगल हो। एक अर्कालाई दु:ख दिइरहन्छन्। बाबा सम्झाउनु हुन्छ– कसैलाई पनि दु:ख दिनु हुँदैन। रिसाएर बोल्यौ भने सय गुणा दण्ड पर्छ। पाप आत्मा बन्छौ। उनको लागि सजाय पनि धेरै कडा छ। बाबाको साथमा सहयोगी बन्ने ग्यारेन्टी गरेर फेरि डिससर्भिस गरे भने उनको लागि धेरै कडा सजाय हुन्छ। बच्चा बनेर फेरि विकर्म गर्यौ भने सय गुणा दण्ड मिल्छ। त्यसैले यदि हिम्मत छ भने श्रीमतमा चल। नरबाट नारायण बन्नु छ। यस्तो होइन, ठीकै छ प्रजा भए प्रजा नै सही। होइन, यो त धेरै ठूलो माला हुन्छ। मार्जिन धेरै छ। यसमा हर्टफेल हुनु हुँदैन, गिर्यौ भने फेरि उठ, हर्टफेल हुनु हुँदैन। शिवबाबासँग एक सेकेन्डमा जीवनमुक्ति पाउने यो एउटै दोकान हो। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) उच्च पद पाउनको लागि शिवबाबाको दोकानको राम्रो सेल्समेन बन्नु छ। हरेकको अवस्था जाँचेर फेरि उसलाई ज्ञान दिनु छ।

२) क्रोधको वश भएर मुखबाट दु:खदायी बोली बोल्नु हुँदैन। बाबाको सहयोगी बन्ने ग्यारेन्टी गरेर कुनै पनि डिससर्भिसको काम गर्नु हुँदैन।

वरदानः– “ नयाँ केही पनि होइन ” को स्मृतिद्वारा विघ्नहरूलाई खेल सम्झेर पार गर्ने अनुभवी मूर्त भव

विघ्नहरू आउनु– यो पनि ड्रामामा आदिदेखि अन्त्यसम्म निश्चित छ। तर त्यो विघ्नले असम्भवबाट सम्भवको अनुभूति गराउँछ। अनुभवी आत्माहरूको लागि विघ्न पनि खेल लाग्छ। जस्तै फुटबलको खेलमा बल आउँछ, ठक्कर लगाउँछन्, खेल खेल्दा मज्जा आउँछ। त्यस्तै यो विघ्नहरूको खेल पनि भइरहन्छ, नयाँ केही पनि होइन। ड्रामाले खेल पनि देखाउँछ र सम्पन्न सफलता पनि देखाउँछ।

स्लोगनः– सबैको गुणलाई देखेर विशेषताहरूको सुगन्ध फैलायौ भने यो संसार सुखमय बन्छ।